# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असार १६ गते २०६३ साल (अतिरिक्ताङ्क २२ (ख

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी स्वयम्भू बारुदखानाले आ. व. २०६२।६३ को लागि चालीस हजार लिटर Alcohol (Denatured) बोलपत्रबाट खरीद गर्दा लाग्ने अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाको Ipas, USA नामको दातृसंस्थाबाट अनुदान स्वरुप प्राप्त गरिने अमेरिकी डलर ७५०.०० (सात सय पचास) मूल्य बराबरको तीन थान Uterine Pelvic Model को आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,  
प्रमोदकुमार कार्की  
सह-सचिव

मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।२०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८